स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ ) बड्डाँडा प्यूठान ,असार २६ गते ,२०७५ साल (संख्या ३

# सरुमारानी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७५

सरुमारानी गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत मिति २०७५।१।४

## प्रस्तावना

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्वन्धी कार्य सञ्चालनको लागि गाउँपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले सरुमारानी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१) यस कार्यविधिको नाम **सरुमारानी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७५** रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “**अध्यक्ष**” भन्नाले उपभोक्त समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

ख) “**आयोजना**” भन्नाले सरुमारानी गाउँपालिका वा सो अन्तरगतको वडावाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्दछ र यसले सरुमारानी गाउँसभावाट स्वीकृत भएको गैर सरकारी सघ संस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउनेछ ।

ग) “**उपभोक्ता**” भन्नाले आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउँछ ।

घ) “**उपभोक्ता समिति**” भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरु मध्येवाट गठन गरेको समिति सम्झनु पर्दछ ।

ङ) “**कार्यालय**” भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

च) “**कार्यपालिका**” भन्नाले सरुमारानी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

छ) “**ठूला मेशिनरी तथा उपकरण**” भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनुपर्दछ ।

ज) “**पदाधिकारी**” भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ

झ) **वडा**” भन्नाले सरुमारानी गाउँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

ञ) “**वडा अध्यक्ष**” भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

ट) "**सदस्य**" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शव्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

ठ) "**सम्झौता**" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

**३. कार्यविधिको पालना गर्नु पर्ने :**

१) गाउँपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्ण रुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

२) कुल लागत रु. एक करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिनेछ । लागत सहभागिता नभएको आयोजना उपभोक्ता समिति मार्फत गर्न पाइने छैन ।

## परिच्छेद २
## उपभोक्ता समितिको गठन र सञ्चालन

**४. उपभोक्ता समिति गठन सम्वन्धी व्यवस्था :**

१) उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ :

क) आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरुको आमभेलावाट अधिकतम सहभागितामा सम्वन्धित आयोजना स्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

ग) गाउंपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ ।

ङ) उपभोक्ता समिति गठनको लागि बोलाइएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अवलम्वन गर्नु पर्नेछ । समितिमा कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्य हुनु पर्नेछ । समितिको मुख्य पद (अध्यक्ष, सचिव र कोषाध्यक्ष) मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनु पर्नेछ ।

छ) एकै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतवाट उपभोक्ता समिति गठन गरिनेछ ।

झ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिवाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा गर्न गराउन पाइने छैन ।

ट) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ ।

**५. उपभोक्ता समितिका सदस्यको योग्यता :**

१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा,

ख) १८ वर्ष पूरा भएको र नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त,

ग) फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको,

घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको,
ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको ।

२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनैतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाइने छैन ।

**६. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** उपभोक्ता समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,
ख) उपभोक्ताहरुलाई कार्यालयवाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,
ग) सम्झौता बमोजिमको कार्य शुरु गर्दा कार्यालयवाट आवश्यक निर्देशन प्राप्त गर्नुपर्ने भए प्राप्त गरेर मात्र काम शुरु गर्ने,
घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,
ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने,
च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर,समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,
छ) आयोजनाको दीगो व्यवस्थापन सम्वन्धी आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद ३
## आयोजना कार्यान्वयन तथा व्यवस्थापन

**७. आयोजनाको कार्यान्वय :**

१) कार्यालयले आ.व. शुरुभएको १५ दिन भित्र उपभोक्ता समितिवाट सञ्चालन हुने आयोजना, परियोना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ । उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्इङ, डिजाइन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलव्ध गराउनु पर्नेछ ।
२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय बीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।
३) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा वस्तुगत) तोक्नु पर्नेछ ।

**८. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु :**

१) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपसिलमा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछः
क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,
ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,
ग) आयोजनाको लागत अनुमान विवरण,
घ) उपभोक्ता समितिवाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,
ङ) आयोजनाको कार्यान्वयन तालिका,
च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनका लागि आवश्यक कागजातहरु,
छ) सम्वन्धित वडा कार्यालयको सिफारिश पत्र ।

**९. उपभोक्ता समितिको क्षमता विकासः**

१) कार्यालयले आयोजना कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखीकरण गर्नुपर्नेछः

क) उपभोक्ता समितिको काम,कर्तव्य र अधिकार ।

ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नु पर्ने अवधि, लागत र उपभोक्ताको योगदान

ग) निर्माण सामाग्रीको गुणस्तर र परिमाण

घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखांकन र अभिलेख व्यवस्थापन

ङ) कार्यान्वयन र अनुगमन प्रकृया

च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण

छ) अन्य आवश्यक विषयहरु ।

**१०. खाता सञ्चालन :**

१) उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ खाता सञ्चालकहरु मध्ये कम्तीमा एक जना महिला हुनु पर्नेछ ।

**११. भुक्तानी प्रकृया :**

१) आयोजनाको भुक्तानी दिंदा उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फत दिनु पर्नेछ । उपभोक्ता समितिले एक व्यक्ति वा संस्थालाई भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

२) उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिइनेछ ।

३) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकवाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) आयोजनाको अन्तिम भुक्तानी हुनुभन्दा अगावै कार्यालयवाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५) आयोजना सम्पन्न भै फरफारक गर्नुभन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहबरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

६) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

७) आयोजनाको कूल लागत रु ३ लाखभन्दा बढी भएका आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची ५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ, अन्तिम किस्ता भुक्तानी हुनु अघि उक्त योजनाको फोटो र सो अनुसार निर्माण भभएको हो भनी उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्वन्धित फाइलमा समावेश गर्नु पर्नेछ ।

८) उपभोक्ता समितिलाई सम्वन्धित कार्यालयले ड्रइङ डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलव्ध गराउनेछ । आयोजना कार्यान्वयनको समयमा कुनै कारणवाट कार्यालयले प्राविधिक सेवा उपलव्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ । तर ड्रइङ डिजाइन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानीको सिफारिशको कार्य कार्यालयवाट नै हुनेछ ।

९) उपभोक्ता समितिवाट निर्माण हुने आयोजनाहरुको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्वन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ ।

१०) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्वन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रुपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

११) तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रकृयाद्धारा काम गराउन सक्नेछ ।

१२) सम्झौतामा तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसकेमा म्याद भित्र कार्य सम्पन्न गर्न नसक्नुको कारण सहित उपभोक्ता समितिले म्याद समाप्त हुनु अगावै म्याद थपको लागि कार्यालयमा माग गर्नु पर्नेछ । कारण मनासिव देखेमा कार्यालयले उचित म्याद थप गरिदिनेछ ।

१३) तोकिएको समयमा काम नगर्ने, काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको साथै सम्वन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्नेछ ।

१४) कानून बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुको र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्न पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

**१२. निर्माण कार्यको गुणस्तर सुनिश्चिता गर्नु पर्ने :** उपभोक्ता समितिवाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री, ड्रइङ डिजाइन र स्पेसिफिकेशन बमोजिमको गुणस्तर कायम गर्नुपर्नेछ ।

ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः  निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ ।

ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिवाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी : उपभोक्ता समितिवाट हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्वन्धित कार्यको लागि कार्यालयवाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ

ङ) लगत राख्नु पर्नेः उपभोक्ता समितिवाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

**१३. अनुगमन समितिको व्यवस्था :**

१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न दफा (४) (१) (क) बमोजिमको भेलावाट कम्तीमा एकजना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

२) अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :

क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने र नगरेको पाइएमा सम्वन्धित पक्षलाई सचेत गराउने,

ग) आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद ४
## विविध

**१४. अन्य संस्थाबाट कार्य गराउन सकिने :** यस कार्यविधि बमोजिम उपभोक्ता समितिवाट गरिने कार्य सामाजिक परिचालनका माध्यमवाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समूह, कृषि समूह आदि) ले संस्थासँग सम्वन्धित कार्यक्रम सञ्चालन गर्न इच्छुक भएमा उक्त संस्था/समूह समावेशी सिद्धान्त बमोजिम रहेछ र स्थानीय उपभोक्ताहरुको आमभेलावाट निर्णय भई आएमा त्यस्ता संस्था/समूह मार्फत कार्यक्रम सँचालन गर्न दिन सकिनेछ ।

**१५. सहजीकरण र सहयोग गर्नु पर्ने :** उपभोक्ता समितिले आयोजनाको सुपरिवेक्षण, अनुगमन/निरीक्षण गर्न कार्यालयवाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलव्ध गराउने तथा आयोजनास्थल अनुगमनको लागि सहजीकरण र सहयोग गर्नु पर्नेछ ।

**१६. उपभोक्ता समितिको दायित्वः** उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ :

क) आयोगनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्वन्धी आवश्यक कार्य,

ख) आयोजना कार्यान्वयनवाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्वन्धी कार्य,

ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नु पर्ने,

घ) असल नागरिकको आचरण पालना गर्नु पर्ने,

ङ) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची ६ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१७. मापदण्ड बनाउन सक्ने :**

क) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मूल्यांकन गरी सम्वन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ ।

ख) उपभोक्ता समितिवाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागू गर्न सक्नेछ ।

अनुसूची १
कार्यविधिको दफा ४ (१) ट सँग सम्वन्धित
उपभोक्ता समितिको लगत
सरुमारानी गाउँपालिका, प्यूठान

| क्र.सं. | उपभोक्ता समितिको नाम र ठेगाना | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | गठन मिति | बैंकको नाम | खाता नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | कोषाध्यक्ष | सचिव | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची-२
कार्यविधिको दफा ७(२) संग सम्वन्धित
सरुमारानी गाउँपालिका, प्यूठान

# योजना सम्झौता फाराम

१ **सम्झौता गर्ने पक्ष र आयोजना :**

**क) उपभोक्ता समितिको विवरण :-**

१. नाम थर :-

२. ठेगाना :-

**ख) योजनाको विवरण :-**

१. नाम :-

२. आयोजना स्थल :-

३. उद्धेश्य :-

४. आयोजना शुरु हुने मिति :-

२ **आयोजनाको लागत सम्वन्धि विवरण :-**

**क) लागत अनुमान रु.**

**ख) लागत व्यहोर्ने श्रोतहरु :-**

**१. कार्यालय :**

**२. उपभोक्ता समिति :**

**३. अन्य :**

**ग) वस्तुगत अनुदानको विवरण सामाग्रीको नाम, एकाई**

**१. संघवाट :**

**२. प्रदेशवाट :**

**३. स्थानीय तहवाट :**

**४. गैरसरकारी संघ संस्थावाट :**

**५. विदेशी दातृ संघ संस्थावाट :**

**६. उपभोक्ता समितिवाट :**

**७. अन्य निकायवाट :**

**घ) आयोजनावाट लाभान्वित हुने :**

१. घर परिवार संख्या :

२. जनसंख्या :

३. संगठित संस्था : .

४. अन्य :

३. उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाको विवरण :

क) गठन भएको मिति :

ख) पदाधिकारीको नाम र ठेगाना (नागरिकता प्रमाण पत्र नं. र जिल्ला)

| सि.नं. | पद | नाम,थर | ना.प्र.प.नं | जिल्ला |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | कोषाध्यक्ष | | | |
| ४ | सचिव | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |

ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

४. आयोजना सञ्चालन सम्वन्धी अनुभव :

५. उपभोक्ता समिति समुदायमा आधारित संस्था गैरसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरण :

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निर्माण सामाग्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोश्रो | | | | |
| तेश्रो | | | | |
| जम्मा | | | | |

६. आयोजना मर्मत संभार सम्वन्धी व्यवस्था :

क) आयोजना मर्मत संभारको जिम्मा लिने समिति संस्थाको नामः

ख) मर्मत सम्भारको सम्भावित श्रोत (छ छैन खुलाउने) :

जनश्रमदान :

सेवा शुल्क :

दस्तुर, चन्दाबाटः

अन्य केही भए :

## सम्झौताका शर्तहरु :-

**<u>उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरु :</u>**

१. आयोजना मिति ..................... देखि शुरु गरी मिति ........................... सम्ममा पूरा गर्नु पर्नेछ ।

२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

३. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ ।

४. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी अर्को किस्ता माग गर्नु पर्नेछ ।

५. आयोजनाको कूल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।

६. उपभोक्ता समितिले प्राविधिकको राय परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ ।

७. उपभोक्ता समितिले आयोजनासँग सम्वन्धित बिल, भरपाइहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनु पर्नेछ र त्यसको लेखा परीक्षण पनि गराउनु पर्नेछ ।

८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म वा संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारिक व्यक्तिवाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

९. मूल्य अभिवृद्धि कर लाग्ने बस्तु वा सेवा खरिद गर्दा रु. २०,०००।० भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीवाट खरिद गर्नु पर्नेछ । साथै उक्त बिलमा उल्लेखित मु.अ.कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर बापत कर कट्टी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु. २००००।० भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मवाट खरिद गर्नु पर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

१०. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम् घर बहालमा लिई बिल भरपाई पेश भएको अवस्थामा १० प्रतिशत घरभाडा कर एवम् बहाल कर तिर्नु पर्नेछ ।

११. प्रशिक्षकले पाउने पारिश्रमिक एवम् सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार कर लाग्नेछ ।

१२. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति कार्यालयवाट लागत अनुसान संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति समूह नै जिम्मेवार हुनेछ ।

१३. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

१४. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब,प्रमाणित बिल भरपाई, योजनाको फोटो, सम्वन्धित उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा भएको आय व्ययको अनुमोदन सहित निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपि, अनुमगन समितिको सिफारिश तथा सम्वन्धित वडा कार्यालयको सिफारिश सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ ।

१५. आयोजना सम्पन्न भएपछि कार्यालयवाट जाँचपास गरी फरफारक गराउनु पर्नेछ । साथै आयोजनाको आवश्यक मर्मत सम्भारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेछ ।

१६. आयोजना कार्यान्वयन गर्ने समूह वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची ६ को ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नुपर्नेछ ।

१७. आयोजनाको दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नुपर्नेछ ।

१८. आयोजनाको सबै काम उपभोक्ता समिति/समूहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

**कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरु :**

१. आयोजनाको बजेट : उपभोक्ता समितिको काम,कर्तव्य तथा अधिकार, खरिद, लेखांकन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयवाट उपलव्ध गराइनेछ ।
३. आयोजनाको प्राविधिक सुपरिवेक्षणका लागि कार्यालयको तर्फवाट प्राविधिक खटाइनेछ । उपभोक्ता समिविाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ ।
४. आयोजनामा सामान्यतया पेश्की सून्यको अवधारणा अवलम्वन गरिनेछ र कामको आधारमा भुक्तानी दिने परिपाटीको विकास गरिनेछ ।
५. श्रममूलक प्रविधिवाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगवाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँ भएको सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ
६. आयोजना सम्पन्न भएपछि कार्यालयावाट जाँचपास गरी फरफारक गर्नुपर्नेछ ।
७. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलव्ध गराउन सम्वन्धित उपभोक्ता समितिवाट अनुरोध भई आएपछि उपभोक्ता समितिको बैंक खातामा भुक्तानी दिनुपर्नेछ ।
८. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर गर्दछौं ।**

उपभोक्ता समिति समूहको तर्फवाट
दस्तखत
नाम,थर :
पद :
ठेगाना :
सम्पर्क नं. :
मिति :

कार्यालयको तर्फवाट
दस्तखत
नाम,थर :
पदः
मिति :

कार्यालयको छाप

साक्षी :

दस्तखत :
नाम,थर :
पद :

दस्तखत :
नाम,थर :
पद :